कावासोती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
नवलपरासी (ब.सु.पु.), गण्डकी प्रदेश, नेपाल
नदीजन्य पदार्थको बिक्रिका लागि बोलपत्र आव्हान सम्बन्धी सूचना
प्रथम पटक प्रकाशित मितिः२०८१/११/१५
बोलपत्र पेश गर्ने अन्तिम मिति २०८१/१२/१७ दिनको १२ बजे

स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६२ क र गण्डकी प्रदेशको आर्थिक ऐन २०७९ मा व्यवस्था भए अनुसार तल उल्लेखित नदीहरूको स्वीकृत घाटहरुबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन् गरी नगरपालिकाले तोकेको दरमा विक्री गर्ने गरी ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक फर्म वा कम्पनीहरुले फर्मको नबीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धिको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपीहरु लगायतको कागजातहरु संलग्न गरी तपसिल बमोजिमका शर्तहरुको अधीनमा रही बोलपत्र प्रकृयामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएकोछ ।

| सि.नं. | बोलपत्र नं. | बोलपत्रको नाम | उत्खनन परिमाण (घनफिट) | न्युनतम बोलकबोल रकम (अग्रिम आयकर र VAT बाहेक) रु. | धरौटी रकम रु. | बोलपत्र दस्तुर रु. |
|---|---|---|---|---|---|---|
| १ | 21/REV/KM/2081/82 | **Extraction of River Bed Material From Kerunge khola a) Highway dakshin khanda-kha , b) Hhighway uttar sisaughari khanda- ka c) Highway uttar sishaughari khanda –kha** | १६,६७,१९१.६८ | १,५०,०४,७२५.१२ | कबोलअंकको५% रकम( VAT सहितको रकमको) | ५,०००/- |
| २ | 22/REV/KM/2081/82 | **Extraction of River Bed Material From Kerunge khola a) Shivabasti khanda –kha b) Hasaura khanda-kha, c) Hasaura khanda Ga** | २१,०४३१०.८८ | १,८९,३८,७९७.९२ | कबोलअंकको५% रकम(VAT सहितकोरकमको) | ५,०००/- |
| ३ | 23/REV/KM/2081/82 | **Extraction of River Bed Material From Kerunge khola a) Hattikhor khanda-Ka** b) **Hattikhor khanda-Kha c) Hattikhor khanda-Ga** | २६,१९,५४० | २,३५,७५,८६० | कबोलअंकको५% रकम (VAT सहितकोरकमको) | ५,०००/- |
| ४ | 24/REV/KM/2081/82 | **Extraction of River Bed Material From Kerunge khola a)Hattikhor khanda-Gha b)Hattikhor khanda-Nga** | २७,७८,३०० | २,५०,०४,७०० | कबोलअंकको५% रकम(VAT सहितकोरकमको) | ५,०००/- |
| ५ | 25/REV/KM/2081/82 | **Extraction of River Bed Material From Lokaha Khola a)Uttar khanda** | ९२,६१० | ८,३३,४९० | कबोलअंकको५% रकम (VAT सहितकोरकमको) | ५,०००/- |

शर्तहरू

1. फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आ.ब २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, बोलपत्र फाराम दस्तुर बापत राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय कावासोती मा रहेको यस कार्यालयको खातानं ३२००१००३०१०१०००३ मा नगद जम्मा गरेको नगद भौचर साथ E-Bidding मार्फत बोलपत्र पेश गर्ने अन्तिम दिनको १२:०० बजे भित्र बोलपत्रदाताले सार्वजनिक खरिद अनुगमन कार्यालयको www. bolpatra.gov.np बाट बोलपत्र सम्बन्धी कागजातहरु डाउनलोड तथा अपलोड गर्न सक्ने व्यवस्था गरिएको छ । बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ ।

2. बोलपत्र सम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अंकमा स्पष्ट उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ । आफुले कबोल गरेको अंकको(VAT सहितको रकमको) ५ प्रतिशतको दरले हुन आउने धरौटी रकम यस कार्यालयको राष्ट्रिय बाणिज्य बैंकमा रहेको धरौटी खाता नं ३२००१००३०३००००३ माजम्मा गरी सोको सकल बैंक भौचर पेश गर्नु पर्नेछ।

3. गरेको बोलपत्र फाराम खरिदहरुमा उल्लेख भएका सबै विवरणहरु भरी बोलपत्रदाताले प्रत्येक पानामा सही छाप गरी पेश गर्नुपर्नेछ ।

4. एक फर्म वा संस्थाको नाममा खरिद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइने छैन । रीतपूर्वक पर्न आएका बोलपत्र सम्बन्धी कागजातहरु पेश गर्ने अन्तिम दिनको १ बजे देखि विभिन्न कार्यालयका प्रतिनिधि , निर्माण व्यवसायी वा निजको प्रतिनिधिहरुको रोहबरमा यस कार्यालयमा खोलिनेछ । साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन । उक्त दिन बिदा परेमा सो कार्य विदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ ।

5. बोलपत्र सम्बन्धी विस्तृत जानकारी बोलपत्र सम्बन्धी फाराममा उल्लेखगरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्नसकिनेछ । म्याद नाघी, रित नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुने छैन । बोलपत्र स्वीकृत गर्ने वा नगर्ने सम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

6. बोलपत्र स्वीकृत भएको मितिले १५ दिनभित्र मू.अ. कर दर्ता प्रमाणपत्र र कबोल अकको ५०% प्रथम किस्ताबापत प्रतिशतले हुने रकम यस कार्यालयको बैंक खातामा जम्मा गरेको भौचर प्रति समेत अनिवार्य बुझाउनुपर्नेछ । दोस्रो किस्ताबापतको ५०% प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट ईजाजत प्राप्त बैंकबाट यस कार्यालयको नाममा २०८२ असारमसान्त सम्म म्याद सहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बोन्ड) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ । साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफुले कबोल गरेको अंक, सेवा शुल्क बापत हुन आउने जम्मा रकमको नियमानुसार थपमूल्य अभिबृद्धी कर १३% र मु. अ. कर १.५% सम्बन्धित कार्यालयमा बुझाउनुपर्नेछ । नियमानुसार नेपाल सरकारलाई अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनु पर्नेछ ।

7. तोकिएको म्यादभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियमानुसार बोलपत्र बन्दोबस्त गरिनेछ ।

8. यस नगरपालिकाका नदी तथा नदीहरको उत्खनन क्षेत्र र उत्खनन परीमाणका सन्दर्भमा स्थानीय सरकार संचालन ऐन २०७४ सम्बन्धित स्थानीय तहबाट जारी भएका कानून , प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ । साथै यस कार्यालयबाट जारीगरिएको बातावरणीय अध्ययन प्रतिवेदन र राष्ट्रपति चुरे तराई मधेश सरक्षण तथा विकास समितिको निर्देशन र सर्तहरु यस बोलपत्र सम्झौताको अभिन्न अंग मानिनेछ ।

9. बोलपत्र सम्बन्धी कागजात डाउनलोड र अपलोड गर्नका लागि मात्रै PPMO को अनलाईन पोर्टल www.bolpatra.gov.np को प्रयोग गरिएकोले कार्यालयको छाप र हस्ताक्षर भएको कागजातलाई मात्रै आधिकारिक जानकारी मानी बोलपत्र प्रक्रिया पुरा गर्नुपर्नेछ ।

कावासोती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
शिवमन्दिर, नवलपरासी (बर्दघाट सुस्ता पूर्व)
गण्डकी प्रदेश, नेपाल
२०७३